त्रिवेणी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

**त्रिवेणी गाउँपालिका स्थित त्रिवेणी सिवाङ दोभान खोलाबाट संकलन गरी भण्डारण अवस्थामा रहेको ढुङ्गा, गिट्टि तथा बालुवाको लिलाम विक्रि सम्बन्धी सूचना**

**(तेस्रो पटक प्रकाशित मितिः २०८२/१२/२५)**

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ घ ६, लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८, प्रदेश कर तथा गैर कर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ को उपदफा ५ तथा नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ एवं त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन २०८२ अनुसार यस त्रिवेणी गाउँपालिकाको स्वामित्वमा रहेको वडा नं २ र वडा नं ७ को क्षेत्रभित्र पर्ने त्रिवेणी सिवाङ दोभान खोलाबाट संकलन गरी भण्डारण गरिएको ढुङ्गा, गिट्टी तथा बालुवा लिलाम बिक्रि गर्ने निर्णय भएकोले उक्त ढुङ्गा, गिट्टी तथा बालुवा जे जस्तो अवस्थामा छन सोहि अवस्थामा दरभाउ पत्रको माध्यमद्धारा तेस्रो पटक लिलाम बिक्रि गर्नुपर्ने भएकोले ईच्छुक फर्म, संस्था वा कम्पनीले देहायको शर्तहरुको अधिनमा रहि दरभाउ पत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं | ठेक्का विवरण | ठेक्का नं | संकलन गरिएको स्थल | परिमाण(घ.मि.) | न्यूनतम अंक (भ्याट बाहेक) रु. | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १. | त्रिवेणी-सिवाङ दोभान खोला | TRM/RE/01/082/083 | त्रिवेणी-सिवाङ दोभान | ८५९.०५(घ.मि.) ३०३४०.७५ (घ.फिट) | २४२०४९.९ | कवोल अंकको १० प्रतिशत | १००० |

**<u>शर्तहरु तथा बन्देजहरुः-</u>**

१. दरभाउ पत्र फाराम खरिद गर्न इच्छुक फर्म वा कम्पनीले फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, कर चुक्ता प्रमाण-पत्र र दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको रसिद सहित निवेदन पेश गरी कार्यालय समयभित्र दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ। दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा भएमा सो को लगत्तै पछिल्लो कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. दरभाउ पत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। दरभाउ पत्र दाताले दरभाउ पत्र साथ जमानत वापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क जुगार शाखामा रहेको धरौटी खाता नं. ०७१०१०४०२५१४६४ मा जम्मा गरी सो को सक्कल बैङ्क भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त (क) वर्गको बैङ्कबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १२० दिनको म्यादसहित जारी गरेको जमानत-पत्र पेश गर्नुपर्नेछ।

२०८२/१२/२५
चेत नारायण कंडेल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

३. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म वा कम्पनीको नामबाट दर्ता गर्न पाइने छैन। रितपूर्वक पर्न आएका दरभाउ पत्रहरु कागजात पेशगर्ने अन्तिम दिनको भोलिपल्ट २ बजे सम्बन्धित निर्माण व्यवसायी वा निजहरुका प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउ पत्र खोल्ने समयमा दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउ-पत्र खोल्न कुनै बाधा पर्नेछैन।

४. दरभाउ पत्र सम्बन्धी विस्तृत जानकारी दरभाउ पत्र फाराममा उल्लेख गरिएको हुँदा सोही फारमबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ पत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

५. उपरोक्त न्युनतम अंकमा मुल्य अभिवृद्धि कर (VAT) समावेश नभएको हुदा सम्बन्धित ठेकदारले बिक्रि शुल्क असुल गर्दा तोकिए बमोजिमको मु.अ.क.समेत समावेश गरी फरक भ्याट रसिदबाट असुल उपर गर्नुपर्नेछ।

६. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ।

७. तोकिएको न्युनतम अंकमा बढावढ गरी सबैभन्दा बढि अंक कबोल गरेकोलाई छनौट गरिनेछ।

८. कायदिश लिएको मिति देखि मात्र ठेक्का चलन गर्न पाईनेछ। साथै तोकिएको परिमाण उठाई सकेमा वा कायदिश पाएको मितिले १५ दिन भित्र ठेक्का समयावधी समाप्त हुनेछ।

९. प्राप्त दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहनेछ।

१०. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानुन विपरितका कुनै पनि कार्य गर्न पाईने छैन।

११. संकलन गरिएको नदिजन्य पदार्थ बिक्रि वितरण गर्दाको अवधिमा उत्खनन् कार्य गर्न पाईने छैन।

१२. नदिजन्य पदार्थ घाटगद्दिबाट ढुवानी कार्य सुर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नुपर्नेछ।

१३. ठेकदार र कार्यालय बिच ठेक्काको शर्त तथा अन्य कुनै विषयमा विवाद भएमा त्रिवेणी गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१४. रसिदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप लगाई मात्र प्रयोग गर्नुपर्नेछ र भ्याट प्रयोजनको लागि भ्याट नं उल्लेख भएको फर्मको आफ्नो छुट्टै रसिद मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

१५. सम्झौतामा उल्लेखित परिमाण भन्दा बढि नदिजन्य पदार्थ बिक्रि गरेको पाईएमा बढि बिक्रि गरेको परिमाणको मुल्याङ्कण गरि मुल्याङ्कणको दोब्बर रकम जरिवाना गरिनेछ।

१६. दरभाउ पत्र तेस्रो पटक प्रकाशित भएको मितिले बोलपत्र ७ (सात) औं दिनको कार्यालय समय भित्र खरिद गरि ८ (आठ) औं दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता (पेश) गरि सक्नुपर्नेछ ।

१७. लिलाम बिक्रि हुने त्रिवेणी सिवाङ दोभान खोलामा रहेको ढुङ्गा, गिट्टि तथा बालुवा हेर्न चाहने दरभाउ पत्र दाताले कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्नुपर्नेछ।

१८. दरभाउ-पत्र पेश गरेका कुनै व्यक्ति वा फर्महरुले यस त्रिवेणी गाउँपालिकामा बुझाउनु पर्ने रकम नबुझाएको पाईएमा त्यस्ता व्यक्ति वा फर्महरुले बुझाएको दरभाउ-पत्रहरु स्वतः बदर गरिनेछ ।

१९. यो सूचनामा उल्लेख नभएको अन्य कुराहरु प्रचलित नेपाल सरकारको कानुन बमोजिम हुनेछ।

२०८२।११।२५
चेत नारायण कँडेल
प्रमुख प्रशासकीय अधिकृत

Toll Free No. : +977-16608644965 | Phone No.: +977-9857824585
Website : http://www.trivenimunrolpa.gov.np | Email :info@trivenimunrolpa.gov.np

CamScanner